**Journal of Tikapur Multiple Campus**
Vol.7; February 2024
ISSN: 2382-5227
Published by Research Management Cell (RMC)
Tikapur Multiple Campus, Kailali, Nepal

# *आफर* कवितासङ्ग्रहका कवितामा दलित प्रतिरोध

**लावण्यप्रसाद ढुङ्गाना**
विद्यावारिधि शोधरत, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: dhunganal123@gmail.com

**लेखसार**

*'आफर' (२०७३) कवितासङ्ग्रहमा सङ्गृहीत कवितामा अभिव्यक्त दलित प्रतिरोधको अध्ययनलाई प्रस्तुत लेखमा विषय बनाइएको छ । 'आफर' दलित प्रतिरोधी आवाज व्यक्त भएका कविताहरूको सङ्गालो हो । यहाँ दलितहरूमाथि भएको उत्पीडनको केकस्तो प्रतिरोध गरिएको छ भन्ने जिज्ञासाको समाधान खोजिएको छ । यस अध्ययनका लागि आवश्यक प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएका छन् । प्रस्तुत अध्ययनका लागि 'आफर' सङ्ग्रहका ३३ ओटा कविताबाट सोद्देश्य नमुना छनोट गरी आठ जना कविका एक एकका दरले आठओटा कविता लिइएका छन् । अध्ययनका लागि चमनलाल, ओमप्रकाश वाल्मीकि, शरणकुमार लिम्बाले, मिचेल फुको तथा राजेन्द्र महर्जन र यामबहादुर किसानका धारणालाई सैद्धान्तिक पर्याधारका रूपमा लिई तर्क तथा विश्लेषण विधिका माध्यमले निष्कर्षसम्म पुग्ने प्रयास गरिएको छ । यस अध्ययनमा 'आफर' सङ्ग्रहका कविताले नेपाली समाजमा सदियौँदेखि विद्यमान दलितमाथिका आर्थिक, सामाजिक, राजनीतिक, धार्मिकसांस्कृतिक एवम् वर्णवादजन्य उत्पीडनका विरुद्ध सशक्त प्रतिरोधी आवाज व्यक्त गरेको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी* :** वर्णवाद, प्रतिरोध, जातव्यवस्था, सांस्कृतिक, किनारीकृत

## विषयपरिचय

प्रस्तुत शोधलेखमा आफर (२०७३) कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको दलित प्रतिरोधका परिप्रेक्ष्यबाट अध्ययन गरिएको छ । यस सङ्ग्रहमा केवल बिनाबी, केशरी अम्गाईं, केशव सिलवाल, प्रकाश गुरागाईं, माधव घिमिरे 'अटल', मुक्तान थेबा, राजु स्याङ्तान र हरिशरण परियार गरी आठ जना

*Copyright 2024 © Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.*

कविहरूका ३३ ओटा दलित चेतनायुक्त कविताहरू सङ्गृहीत छन् । शीर्षकमा आएको 'दलित प्रतिरोध' पदावलीको 'दलित' शब्दले सामान्यतः 'दलनमा पारिएका, थिचिएका, हेपिएका वा शोषित' भन्ने अर्थ बुझाउँछ । विशेषतः इतिहासको लामो कालखण्डदेखि अस्पृश्यको दर्जा दिई उत्पीडित तुल्याइएका समुदायलाई बुझाउनका लागि दलित शब्द प्रयोगमा ल्याइएको छ । 'प्रतिरोध' को अर्थ 'आफ्नो बचाउका लागि प्रकट गरिने असहमति वा विरोध' हो । यस अर्थमा दलनविरुद्ध उनीहरूको अस्तित्वरक्षार्थ गरिने प्रयास नै दलित प्रतिरोध हो ।

साहित्य समाजको प्रतिबिम्ब हो । साहित्यकारले समाजबाट विषय लिई त्यसलाई रागात्मक रूपमा प्रस्तुत गरेका हुन्छन् । नेपाली समाजमा इतिहासको लामो कालखण्डदेखि एउटा समुदायलाई अछुतको कित्तामा पारियो । उनीहरूलाई सांस्कृतिक, आर्थिक आदि अधिकारबाट पनि वञ्चित तुल्याइयो । विगतमा शूद्र भनिएको यस समुदायलाई बुझाउन पछिल्लो समयमा दलित शब्द प्रयोगमा ल्याइएको छ । यिनै दलित समुदायले इतिहासको लामो कालखण्डदेखि प्रभुत्वशाली वर्गबाट भोगिरहेका अनेक उत्पीडन र त्यसविरुद्धको प्रतिरोध साहित्यमार्फत् प्रकट हुन थाले । यही सिलसिलामा दलित चेतनायुक्त कविता पनि लेखिए । सोही क्रममा यही चेतनालाई केन्द्रमा राखेर आफर (२०७३) कवितासङ्ग्रह प्रकाशनमा आएको छ । यस कवितासङ्ग्रहका ३३ कवितामध्ये ३१ ओटा कविताहरू दलित प्रतिरोधी चेतनाले युक्त छन् । त्यसैले यहाँ उक्त कवितासङ्ग्रहका कविताहरूलाई दलित प्रतिरोधका दृष्टिले अध्ययनीय विषयका रूपमा लिइएको हो ।

## सैद्धान्तिक पर्याधार

'दलित' हिन्दुधार्मिक समाजमा अछुत कहलिएका समुदायविशेषलाई बुझाउन प्रयोगमा ल्याइएको शब्द हो । हिन्दु समाजव्यवस्थाको प्राचीन कालमा यस समुदायलाई 'शूद्र' नामले सम्बोधन गर्ने गरेको पाइएको छ । हिन्दुधार्मिक ग्रन्थ वेदमा मानवको सृष्टिबारे व्याख्या गर्ने क्रममा शूद्र जातिको सृष्टि ब्रह्माका पाउबाट भएको बताइएको छ (शुक्लयजुर्वेद, १९४४,  ३१/११) । तिनै शूद्र नै हालका दलित भएबाट वैदिक कालदेखि नै दलितहरू उपेक्षित रहेको पाइएको छ । यस तथ्यलाई नियाल्दा दलितमाथिको दलनको इतिहास निकै पुरानो रहेको देखिएको छ । अझ मनुले यस समुदायलाई आर्थिक अधिकारबाट समेत वञ्चित तुल्याई शूद्रले उक्त जातिभन्दा माथिका मानिसको सेवा गर्ने सरसफाइ गर्ने, मृत पशुका छाला काढी जुत्ता बनाउने, घाटमा मुर्दा जलाउने आदि काम तोकेकाले यस्ता हेय कामकै कारण यो समुदाय अस्पृश्य कहलियो (चमनलाल, सन् २००९, पृ. ९०) । यसरी मनुले श्रमविभाजनको थिति बाँध्ने क्रममा दलित समुदायप्रति कठोर नीति अवलम्बन गरेको पाइएको छ । अझ तोकिएबाहेकका काम गरे र पेसा परिवर्तन गरे दण्डको भागीदार हुनुपर्ने मनुको व्यवस्था दलितहरूप्रति उत्पीडनकारी देखिएको छ ।

नेपालमा छुवाछुतको चलन लिच्छवी कालबाट सुरु भएको हो । यसपछि नेपालमा शासक र शासन व्यवस्थामा धेरै परिवर्तन भए तर छुवाछुत भने यथावत् रहिरह्यो । बिस्तारै दलित उत्पीडनविरुद्ध

मानिसहरू जागरुक हुन थाले । यस क्रममा भगत सर्वजित विश्वकर्माका अग्रसरतामा दलित जागरण अभियान थालियो (महर्जन र किसान, २०७०, पृ.१९) । फलस्वरूप नेपाली साहित्यमा दलनविरोधी आवाजले स्थान लिन थाल्यो । यस प्रभावलाई नेपाली कविताले पनि ग्रहण गऱ्यो ।

साहित्यमा अभिव्यक्त विचारले मानवीय चेतनालाई जागृत गराउँछ । यस परिप्रेक्ष्यमा दलित साहित्य दलित उत्पीडनविरोधी आन्दोलनकै एउटा अङ्गका रूपमा देखा परेको छ । खास गरी दलित आन्दोलन दलितमाथि भएको उत्पीडनविरुद्धको प्रतिरोध हो । प्रतिरोध शक्तिसङ्घर्षसँग सम्बन्धित छ । शक्तिका दृष्टिले समाज केन्द्र र परिधि वा माथि र तलको संरचनामा आबद्ध हुन्छ । केन्द्रको शक्तिले आफूअनुकूलको ज्ञान निर्माण गर्छ र परिधिमा रहेका मानिसमाथि दमन गर्न थाल्छ । जब केन्द्रबाट परिधिमाथि यसरी दमन हुन थाल्छ, तब परिधिमा छरिएर रहेको शक्ति एकत्रित हुन्छ र उसले स्वत्वको रक्षाका लागि केन्द्रको दमनकारी शक्तिविरुद्ध प्रतिरोध सुरु गर्छ । परिधिको प्रतिरोधले समाजमा विद्यमान मूल्यप्रणालीमा परिवर्तन आउने र कतिपय अवस्थामा पुरानो सामाजिक संरचना पूरै भत्केर नयाँ सामाजिक संरचनाको निर्माण पनि हुन सक्छ । यसरी प्रतिरोधको सम्बन्ध शक्तिसँग रहेको देखिन्छ । त्यसैले फुकोले यसलाई जहाँ शक्ति हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ भनेर प्रस्ट्याउन खोजेका छन् (फुको, सन् १९८० पृ. १४२) । यसरी फुकोका दृष्टिमा शक्ति र प्रतिरोध एकआपसमा अन्तरसम्बन्धित छन् ।

दलित समुदायका मानिसहरू सदियौँदेखि वर्णवादी शक्तिबाट शोषित, उत्पीडित र किनारीकृत हुँदै आएका छन् । वर्णव्यवस्थालाई जातव्यवस्थामा रूपान्तर गरेपछि दलित समस्याको आरम्भ भएको हो । शूद्र समुदायलाई अछुतको दर्जा दिई किनारीकृत गरिएपछि यो समस्या उत्पीडनकारी बन्यो । यसले वर्णवादका आडमा दलितमाथि सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिक आदि अनेक उत्पीडन सुरु गऱ्यो । यसका प्रतिरोधमा दलित जागरण अभियान सुरु भए । दलित साहित्य यही दलित उत्पीडनविरुद्धको प्रतिरोधकै एक रूप हो (वाल्मीकि, २००९, पृ. १०६) । यसरी दलित समस्याको उपज हिन्दुशास्त्रीय वर्णवाद भएकाले दलित प्रतिरोध पनि वर्णवादविरुद्ध अग्रसर रहेको छ ।

समाजको स्वरूप परिवर्तनशील छ । जब यो स्वरूपलाई यथास्थितिमा राख्न खोजिन्छ, तब प्रतिरोधले जन्म लिन्छ । दलित समस्याका सन्दर्भमा जब इतिहासको लामो कालखण्डदेखि एउटा समुदायलाई अमानवीय र अन्यायपूर्ण व्यवस्था लादियो, तब दलितहरूले प्रतिरोध सुरु गरे । नेपालका दलितहरूमाथिको दलन र उनीहरूले गरेको प्रतिरोधको इतिहास केलाउने क्रममा दलित प्रतिरोधबारे राजेन्द्र महर्जन र यामबहादुर किसानले भनेका छन् :

> जहाँ दमन, उत्पीडन र दलन हुन्छ, त्यहाँ, द्वन्द्व, सङ्घर्ष र प्रतिरोध पनि हुन्छ । कुनै पनि वस्तु र विचारमा सकारात्मक र नकारात्मक पक्षबिच द्वन्द्व, एकता र रूपान्तरण भइरहेको हुन्छ । यसरी प्रकृतिमा जस्तै समाजमा पनि द्वन्द्व, एकता र रूपान्तरणको प्रक्रिया जारी रहेको छ । यही प्रक्रियाका कारण हिन्दुवर्णव्यवस्थाले पनि आफ्नो जन्मसँगै आफ्नो प्रतिरोधी पक्ष पनि जन्माएको जीवित इतिहास छ । दक्षिण एसियाली उपमहाद्वीपमा हिन्दु वर्णव्यवस्थाअन्तर्गत वर्ण, जात, लिङ्ग, सम्प्रदायका आधारमा विभेद, उत्पीडन र दलन सुरु भएदेखि नै त्यसको प्रतिरोध हुन थालेको इतिहास छ ।
>
> (महर्जन र किसान, २०७०, पृ. १५)

प्रतिरोध जहिले पनि निरपेक्ष नभई सत्ताशक्तिको सापेक्षमा हुन्छ । जब सत्तासीन शक्तिले अन्य वर्ग वा समुदायउपर उत्पीडन सुरु गर्छ, तब प्रतिरोध जन्मन्छ भन्ने महर्जन र किसानको मत रहेको छ । दलित प्रतिरोधका सन्दर्भमा भन्नुपर्दा वर्णव्यवस्थाका आधारमा आफूलाई श्रेष्ठ र उच्च अनि अरूलाई निम्न र निच ठानी निरन्तर उत्पीडनमा पार्ने ब्राह्मणवादी शासन पद्धति वा यसका पक्षधर शासक वर्ग र तिनका पक्षपोषक नै दलित प्रतिरोधका जनक रहेका छन् ।

### *आफर* कवितासङ्ग्रहका कवितामा व्यक्त दलित प्रतिरोध

प्रस्तुत अध्ययनमा आफर कवितासङ्ग्रहमा सङ्गृहीत ३३ ओटा कविताहरूमध्ये सोद्देश्य नमुना छनोटका आधारमा आठओटा कविता लिइएका छन् । अध्ययनका लागि चयन गरिएका कविताहरू क्रमशः केवल बिनाबीको 'शूद्र शम्बुक', केशरी अम्गाइँको 'द्यौला', केशव सिलवालको 'धार', प्रकाश गुरागाईँको 'हजुरको बुट', माधव घिमिरे 'अटल'को 'सास्तीको सर्ग', मुक्तान थेबाको 'आगोको वर्षा', राजु स्याङ्तानको 'आरन र डम्फु' तथा हरिशरण परियारको 'कैँची रहेका छन् । यी कविताहरूमा इतिहासको लामो कालखण्डदेखि दलितहरूले कथित उच्च जातका मानिसहरूबाट भोग्दै आएका उत्पीडनलाई यथार्थपरक र मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । साथै यी कविताहरूमा दलितहरूले सदियौँदेखि भोग्दै आएका उत्पीडनविरुद्ध सशक्त प्रतिरोध पनि प्रस्तुत गरिएको छ । कवितामा व्यक्त उक्त प्रतिरोधलाई वर्णवादविरुद्ध दलित प्रतिरोध, शैक्षिक उत्पीडनविरुद्ध दलित प्रतिरोध, धार्मिकसांस्कृतिक उत्पीडनविरुद्ध दलित प्रतिरोध, सामाजिक उत्पीडनविरुद्ध दलित प्रतिरोध, आर्थिक उत्पीडनविरुद्ध दलित प्रतिरोध र राजनीतिक उत्पीडनविरुद्ध दलित प्रतिरोध उपशीर्षकमा विश्लेषण गरिएको छ ।

#### वर्णवादविरुद्ध दलित प्रतिरोध

वर्णवाद हिन्दुधार्मिक वर्णव्यवस्थामा आधारित शासनपद्धति हो । यसले मानिसलाई प्रमुख चार समूहमा विभाजन गरेको छ । आरम्भमा यसको उद्देश्य श्रमविभाजन थियो । कालान्तरमा यसलाई जातका रूपमा स्थापित गरियो । वर्णव्यवस्थाको चौथो समूहलाई शूद्र भनिएको थियो र सिप तथा सेवामूलक काम गर्ने यस समूहका मानिसलाई निम्न दर्जामा राखेर अछुतसमेत तुल्याई उत्पीडन गरियो ।  यस अमानवीय व्यवस्थासँगै दलित उत्पीडन आरम्भ भयो । दलित उत्पीडनले लामो कालखण्ड पार गर्दै जाँदा यस वर्णवादविरुद्ध प्रतिरोध सुरु भयो । समकालीन नेपाली कविहरूले पनि कवितामार्फत दलित समस्याको प्रमुख जड रहेको वर्णवादविरुद्ध प्रतिरोधी आवाज प्रस्तुत गर्न थाले ।

आफर कविता सङ्ग्रहको 'शूद्र शम्बुक' कवितामा कवि केवल बिनाबीले वेदमा वर्णित मानव सृष्टिको प्रसङ्गलाई उद्धृत गरेका छन् । मानव सृष्टिबारे बयान गरिएको वेदको उक्त उद्घोष उत्पीडनकारी रहेकाले त्यसलाई कविले अस्वीकार गरेका छन् । यस प्रसङ्गमा कविले भनेका छन् :

वेदमा बयान गरिए झैँ
झूट नै सही

मानौँ तिम्रा पुर्खाहरू
मुखबाटै जन्मिएछन् रे
मेरा पुर्खाहरू पाउबाटै जन्मिएछन् रे
तर अफसोच !
तिम्री आमा र मेरी आमाको
उस्तै अङ्गबाट जन्मिएका हामी
आखिर किन
तिमी जस्तै म अछूत
र म जस्तै तिमी छूत ।

(पृ. १२-१३)

प्रस्तुत कवितांशमा चित्रित विषय वेदमा वर्णित मानव सृष्टिको कथासँग जोडिएको छ । वेदमा मान्छेलाई ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चार समूहमा वर्गीकरण गरिएको छ । यी चार समूहका मान्छेमध्ये शूद्र ब्रह्माका पाउबाट जन्मेको कथालाई कविले प्रस्तुत कवितामा झुट ठानेका छन् । उक्त झुटलाई एकछिन सही मानेर कविले छलफल गरेका छन् । वेदमा भनिए झैँ उहिलेका पुर्खाहरू कोही ब्रह्माका मुखबाट र कोही ब्रह्माका पाउबाटै सृष्टि भएको मानौँ तर अहिलेका मान्छेको जन्मक्रममा त कुनै भिन्नता छैन । अहिले ब्रह्माका भिन्न भिन्न अङ्गबाट नभई आआफ्नी आमाका उस्तै अङ्गबाट सबै मान्छेले जन्म पाउँछ । तथापि कोही छुत र कोही अछुत किन हुन्छ भनी कविद्वारा तार्किक प्रश्नका माध्यमबाट  वर्णवादले थोपरेको छुवाछुतजन्य उत्पीडनविरुद्ध प्रखर वाचाल प्रतिरोध प्रकट गरिएको छ ।

**शैक्षिक उत्पीडनविरुद्ध दलित प्रतिरोध**

शिक्षा मानवीय उन्नतिको प्रमुख माध्यम हो  । यही शिक्षा वा ज्ञानका माध्यमले नै मानिसले यस संसारमा अकल्पनीय परिवर्तन ल्याएको छ । हरेक व्यक्तिको सुखसमृद्धिको स्रोत पनि शिक्षा नै बन्न पुगेको छ । शिक्षाको यस्तो महत्त्व बुझेको मानिसले प्राचीन कालदेखि नै ज्ञानपरम्पराको विकास गर्‍यो । यो ज्ञानपरम्परामा सामेल हुनबाट दलितहरूलाई निषेध गरियो । यो दलितहरूमाथिको आरम्भ कालदेखिकै शैक्षिक उत्पीडन थियो । यस्तो उत्पीडनविरुद्ध पछि गएर दलित जातीय जागरण सुरु भयो । जसलाई कविसाहित्यकारहरूले पनि साथ दिन थाले । फलस्वरूप समकालीन नेपाली कवितामा पनि यस्तो शैक्षिक उत्पीडनविरुद्ध प्रतिरोधी आवाज प्रकट हुन थाले ।

कवि केवल बिनाबीद्वारा रचना गरिएको ‘शूद्र शम्बुक’ कविताले प्राचीन कालदेखि दलितहरूमाथि लादिएको शैक्षिक उत्पीडनलाई विषय बनाएको छ र उक्त उत्पीडनविरुद्ध प्रतिरोध प्रकट गरेको छ । प्रस्तुत कवितामा प्राचीनकालीन मिथकीय सन्दर्भको प्रयोग गर्दै दलितहरूमाथि भइरहेको शैक्षिक उत्पीडनलाई उजागर गरिएको छ । यससँगै दलितहरूमा आफ्नो अस्तित्व चेत जागृत भएको र आफूमाथि भइरहेको दलनविरुद्ध उनीहरूले प्रतिरोध गर्न थालेको विषयलाई पनि प्रस्तुत गरिएको छ ।

प्रस्तुत कवितामा 'म' र 'तिमी' पात्र प्रयोग भएका छन् । 'तिमी' पात्रलाई 'राम' भनेर पनि सम्बोधन गरिएको छ । कवितामा आएको 'म' ले दलित समुदायको प्रतिनिधित्व गरेको छ । उक्त 'म'ले आफूलाई शम्बुकका रूपमा उभ्याएको छ । शम्बुक वाल्मीकि रामायणको पात्र हो । उसले शूद्र कुलमा जन्म पाएको थियो । शूद्रहरूलाई शिक्षाबाट वञ्चित गरिएको तत्कालीन अवस्थामा शम्बुक एकलव्यले झैँ ज्ञान र तप साधनाबाट सिद्धि प्राप्त गरी ऋषि बन्न सफल भएको हुन्छ । यसै बिच शम्बुक उँधो मुन्टो पारेर रुखमा झुन्डिई तपस्या गरिरहेको हुन्छ । त्यसै बखत राम त्यहाँ पुग्छन् । उनले त्यस तपस्यारत व्यक्तिको परिचय माग्छन् र तपस्याको उद्देश्य सोध्छन् । जबाफमा शम्बुकले सशरीर स्वर्ग गई देवत्व प्राप्त गर्न तपस्या गरेको र आफू शूद्र कुलमा जन्म पाएको व्यक्ति भएको बताउँछ । शूद्र कुलको मानिसले सशरीर स्वर्ग जान तपस्या गरेको जानकारी पाउनासाथ रामले तत्काल तरबार प्रहार गरी उसको हत्या गरिदिन्छन् । (वाल्मीकि, २०७९, पृ. ८५९-८६०) शम्बुक पात्रका माध्यमबाट कविले दलितहरूले केवल दलित भएकै आधारमा बिना गल्ती ज्यान गुमाउनुपरेको विषयलाई प्रस्ट्याएका छन् । यस पौराणिक सन्दर्भको प्रयोग गर्दै कविले दलितमाथिको उत्पीडनको इतिहास अत्यन्त लामो रहेको वास्तविकताको पनि खुलासा गरेका छन् ।

कविका अनुसार सबै मानिस एउटै मानव वंशवृक्षका उपज हुन् तथापि समाजमा मानव मानवबिच असहनीय विभेद छ । कविले यस्तो विभेदविरुद्ध असहमति जनाउँदै भनेका छन् :

मानव वंशवृक्षमा
एउटा अनुहार तिमी
मानव वंशवृक्षकै
एउटा अनुहार म पनि
हेर त
उस्तै लाम्चो नाक
उस्तै उस्तै आँखा
आँखामा उस्तै उस्तै सपना
अनि उस्तै उस्तै बुनोट
आखिर किन
वेद पढ्न हुँदैन शूद्रले ?
आखिर किन
वेद सुन्न हुँदैन शूद्रले ?
आखिर किन
जीवन हुँदैन शूद्रको ?
हो ! राम
म उही शूद्र शम्बुक
तिम्रो रामराज्यको
एक अछूत ।

(पृ.११-१२)

यस कवितांशमा कविले दलितप्रति भइरहेको विभेदको विरोध गरेका छन् । कविका अनुसार शूद्रहरू पनि एउटै मानव वंशवृक्षबाट विकसित भएका हुन् । उनीहरूका पनि कथित छुतहरूका झैँ लाम्चा नाक, उस्तै उस्तै आँखा अनि आँखामा उस्तै सपना छन् । यसरी शारीरिक बनोट र जीवनका सपनाहरूमा उस्तो भिन्नता नभए पनि शूद्रहरूलाई अछुतका कित्तामा पुऱ्याई किन विभेद गरिँदै छ भनी कविले प्रश्नात्मक वाक्यढाँचाका माध्यमबाट प्रतिरोधी आवाज प्रकट गरेका छन् । यहाँ शूद्रहरूलाई वेद अध्ययन गर्नबाट वञ्चित तुल्याइएको प्रसङ्ग छ । वेद प्राचीन कालको सम्पूर्ण ज्ञानको सङ्ग्रह थियो । त्यस समयमा वेद पढ्न बन्देज गर्नु भनेको ज्ञानबाट वञ्चित गर्नु हो । ज्ञान नै मानिसको शक्ति भएकाले यसबाट कसैलाई वञ्चित गर्नु भनेको उसलाई शक्तिहीन तुल्याउनु हो । लोककल्याणकारी राज्यका रूपमा नाम कहलाएको रामराज्यमा शूद्रहरूले किन वेद पढ्न नपाएका हुन् भनी कविले शैक्षिक उत्पीडनविरुद्ध प्रश्नात्मक वाक्यढाँचाका माध्यमले वाचाल प्रतिरोध प्रकट गरेका छन् ।

कविले महाभारत कालीन घटनालाई उद्धृत गर्दै शूद्र भएकै कारण एकलव्यले शैक्षिक उत्पीडन भोग्नुपरेको जनाएका छन् । एकलव्यले गुरु द्रोणाचार्यबाट शिक्षा त पाएन नै उल्टो गुरुदक्षिणाका नाममा औँला काटेर चढाउन बाध्य पारियो । कविले यस पौराणिक घटनाको खुलासा गर्दै भनेका छन् :

गुरु द्रोणाचार्यको कमण्डलुको पीँधबाट
तप तप तप्किरहेको
एकलव्यको आलो रगतले
आखिर कहिलेसम्म गाइरहन सक्छ
गुरुभक्तिको गीत
आखिर कहिलेसम्म
औँला रेटिरहन्छन् एकलव्यहरू
र प्रथम घोषित भइरहन्छन् अर्जुनहरू
(पृ. १२)

द्रोणाचार्य उसबेलाका प्रसिद्ध गुरु थिए । एकलव्य ज्ञानको भोको रहेकाले ऊ धनुर्विद्या सिक्न द्रोणाचार्यकहाँ पुग्यो । द्रोणाचार्यले एकलव्य शूद्रवर्णको भएकै कारण उसलाई शिक्षा दिन अस्वीकार गरे । यसपछि एकलव्यले वन गई द्रोणाचार्यलाई नै गुरु थापी धनुर्विद्यामा सिद्धता प्राप्त गऱ्यो । यो सब थाहा पाएपछि द्रोणाचार्यले गुरुदक्षिणास्वरूप एकलव्यको दाहिने हातको बुढीऔँला काटेर दिन माग गरे । एकलव्यले औँला काटेर दियो पनि । अर्जुनलाई सर्वश्रेष्ठ धनुर्धारी तुल्याउन एकलव्यप्रति भएको यो अन्यायलाई कविले दलितका पुर्खामाथि भएको अन्यायका रूपमा लिएका छन् र दलितहरूले कथित उच्च वर्गबाट आफूमाथि हुने यस्ता उत्पीडनहरू कहिलेसम्म सहनुपर्ने हो भनी प्रश्नात्मक प्रतिरोध प्रकट गरेका छन् ।

**धार्मिकसांस्कृतिक उत्पीडनविरुद्ध दलित प्रतिरोध**

हिन्दुधर्मावलम्बी मानिसहरू एउटै वंशवृक्षबाट विकास भई आएका हुन् । हिन्दुधार्मिक वर्णविभाजनको चौथो वर्ग शूद्रलाई नै दलित शब्दले जनाउन थालिएबाट दलित पनि हिन्दुपरिवारकै देखिन्छन् । तथापि यो वर्गलाई प्रभुत्वशाली वर्गले निरन्तर धार्मिकसांस्कृतिक उत्पीडनमा पार्दै आएको छ । यस्तो उत्पीडनविरुद्ध समकालीन कविहरूले कवितामार्फत जोडदार रूपमा प्रतिरोधी आवाज प्रस्तुत गरेका छन् । यही सिलसिलामा 'द्यौला' कविता प्रकाशनमा आएको छ ।

'द्यौला' केशरी अम्गाईँद्वारा रचना गरिएको कविता हो । यस कवितामा नेवार समुदायमा दलित कहलिएको देउला जातिमाथि भएका धार्मिकसांस्कृतिक उत्पीडनको खुलासा गर्नुका साथै त्यस्तो उत्पीडनका विरुद्ध प्रतिरोध पनि प्रकट गरिएको छ । पेसाले सरसफाइको काम गर्ने यस जातिलाई पोडे नामले पनि सम्बोधन गर्ने गरिएको छ । यो जाति नेवार समुदायमा अछुत कहलिएको छ । कथित उच्च जातिबाट द्यौलाहरूमाथि गरिएका उत्पीडनको विरोधमा प्रस्तुत कवितामा तीव्र आवाज गुन्जाइएको छ ।

कविका अनुसार विगतमा देउलाहरू देवताहरूका पुजारी र पहरेदार थिए । देवताहरूको पहरे हुँदाहुँदै आफ्नै पहरा दिन नसक्दा यो जाति एक्कासि पिँधमा खसालियो । यस जातिका हातमा झाडु थमाइयो र सरसफाइमा खटाइयो । जब यस जातिले अह्राएखटाएअनुरूप फोहोरको सफाइ सुरु गऱ्यो, तब यसलाई फोहोर झैँ छि छि र दुर दुर गर्न अनि अछुत ठान्न थालियो । यति मात्र नभई यस जातिका मानिसलाई जल्लाद बनाइएको विषयलाई कविले प्रस्तुत कवितामा उल्लेख गरेका छन् :

इतिहासको पदचापमा
मेरा बराजुहरूलाई
अपराधी नै किन नहून्
जबरजस्ती गर्दन गिँड्न लगाएर
बनायौ जल्लादको वंशज ।

जल्लादका रूपमा
समाजमा बदनाम बनाएको देख्दा
आगो ओकल्छ मभित्रको स्वाभिमान
र, थन्क्याइएको बाजेको तरबार
उजिल्याउँदै फेरि
लगाउँ जस्तो लाग्छ साँध ।

(पृ. २५)

विगतका शासकहरूले कसैलाई मृत्युदण्ड दिनुपरे देउलाहरूलाई प्रयोग गर्ने गरेको ऐतिहासिक सन्दर्भलाई यहाँ उठाइएको छ । मृत्युदण्डका भागीदार अपराधी नै भए पनि तत्कालीन शासकहरूले पटक पटक देउलालाई नै टाउको गिँड्न लगाउँदा देउलाहरू अनाहकमा जल्लादका वंशज भनी अपहेलित भए । यसबाट उनीहरूले कहिल्यै नमेटिने जातीय कलङ्क बोकिरहनुपऱ्यो । कुनै शासकको क्षणिक लाभका लागि देउलाहरू यसरी युगौँयुग बदनाम भइरहे । यतिबेला उनीहरूभित्रको स्वाभिमानले प्रतिरोधस्वरूप आगो ओकल्न थालेको कुरा कवितामा उल्लेख गरिएको छ ।

पुरानो समाजशास्त्र सर्वजनहितमा थिएन । त्यसो भएकाले एउटै समाजका बासिन्दा भएर पनि कोही दमक र कोही दमित भए । अब समय बदलिइसकेको हुँदा त्यस्तो समाजशास्त्रलाई बदल्न कवितामा यसरी हाँक दिइएको छ :

आह्वान गर्छु म यही चोकमा उभिएर-
ए, समाजका ठेकेदारहरू हो !
फेर, तिम्रा समाजशास्त्रका चस्माहरू
र हेर संस्कृतिलाई आफ्नै ऐनामा
को हुन् अष्टमातृकाहरू ?
त्यही शक्तिपीठको पुजारी मलाई
कसरी ठान्यौ सधैँ द्यौला ?

(पृ. २६)

अष्टमातृका हिन्दुशास्त्रमा वर्णित आठ देवीहरू हुन् । गुणकामदेवले आफ्नो देशको रक्षा र जनताको भलाइका लागि मन्दिरहरू बनाई तन्त्रविधिले अष्टमातृकाको स्थापना गरे । नेवारी संस्कृतिमा यी अष्टमातृकालाई अजिमा नामले पुकारिन्छ । प्रारम्भमा यिनै शक्तिपीठका सम्मानित पुजारी जो थिए, तिनलाई नै पछि गएर देउला अर्थात् पोडेका नामले अपमानित गरियो । कामका आधारमा मान र अपमानको यस्तो व्याख्या गर्ने समाजका ठेकेदारहरूलाई उनीहरूको त्यस्तो समाजशास्त्र फेर्न कवितामा आह्वान गरिएको छ । यससँगै आफ्नो संस्कृतिका अष्टमातृका को हुन् भनी प्रश्न गरिएको छ । देश र जनताको हितका लागि भनेर अष्टमातृकाको स्थापना गरिए पनि जनतालाई अनेक ढङ्गले उत्पीडित तुल्याइन्छ भने त्यस्ता विभेदकारी देवतालाई विश्वास नगर्ने प्रतिरोधी उद्घोष पनि कवितामा प्रकट गरिएको छ ।

**सामाजिक उत्पीडनविरुद्ध दलित प्रतिरोध**

कुनै पनि समाज भिन्न जाति, वर्ग, लिङ्ग, धर्म आदिका मानिसहरूको साझा थलोका रूपमा विकसित भएको हुन्छ । समाज सबैको साझा थलो हुँदाहुँदै पनि त्यहाँका प्रभुत्वशाली वर्गले आफू शक्तिशाली भइराख्न र अरूलाई कमजोर तुल्याइराख्न आफूअनुकूलको ज्ञान निर्माण गरी अनेक थिति बाँधेका हुन्छन् । समाजमा बाँधिएको छुवाछुतको थिति दलितमाथि थोपरिएको सामाजिक उत्पीडन

हो । थितिका नामको यस्तो बेथितिका विरुद्ध राज्यले कानुन नै बनाएर लागु गरे पनि दलितहरू यस उत्पीडनबाट मुक्त हुन सकेका छैनन् र उनीहरूले यस बेथितिका विरुद्ध प्रतिरोध जारी राखेका छन् । समकालीन नेपाली कविहरूले पनि आफ्ना कवितामा यस्तो बेथितिविरुद्ध प्रतिरोधी आवाज दिएका छन् । यस सन्दर्भमा 'धार' कविता विश्लेषणीय छ ।

'धार' कवि केशव सिलवालद्वारा रचना गरिएको कविता हो । लौहकर्मीका अनुभूतिहरूलाई विषय बनाउँदै लेखिएको यस कवितामा दलित प्रतिरोधी दृढ आवाज प्रकट भएको छ । प्रस्तुत कविताको प्रारम्भमै दलितहरूप्रतिको गैरदलित वर्गको दृटिकोणलाई प्रस्तुत गरिएको छ । दलितहरूले समाजमा कथित उच्च जातिका मानिसहरूबाट घृणापूर्ण व्यवहार सहनुपरेको पीडालाई कविताको आरम्भमै प्रस्तुत गरिएको छ । दलितहरू समाजका अपरिहार्य श्रमिक र शिल्पी हुन् । उनीहरूले अत्यावश्यकीय सामान उत्पादन नगर्ने र अरूले घिन मान्ने काम उनीहरूले नगर्ने हो भने समाजमा गम्भीर समस्या उत्पन्न हुन्छ । समाजका लागि यस्ता जरुरी आवश्यकताका काम गर्ने शिल्पीहरूले स्नेह र सम्मान पाउनुपर्नेमा उल्टो दुर दुर सहनुपरेको कुरा कवितामा व्यक्त गरिएको छ । कवितामा अरूहरूले जति दुत्कारे पनि धार लगाउने कामबाट आफू कहिल्यै पछि नहट्ने दृढता म पात्रबाट प्रकट गरिएको छ । त्यसरी दुत्कार्दै डुक्रनेहरूलाई म पात्रले दैत्यको संज्ञा दिएको छ । त्यस्ता दैत्यहरूको डुक्राइ कायम रहुन्जेल आफूले खुकुरी, खुँडा र तरबार बनाइरहने उद्घोष पनि उसले गरेको छ । समाजमा विद्यमान अव्यवस्थाका झाडी नफाँडेसम्म हँसिया, खुर्पा र बन्चरो बनाइरहने दृढता पनि म पात्रले प्रकट गरेको छ । उपेक्षाका बाबजुद आफू कर्तव्यबाट विचलित नहुने म पात्रको विश्वासलाई कवितामा यसरी व्यक्त गरिएको छ :

पस्नै नदिइयोस् घरभित्र
कालो कानुन बनाएर
या पारियोस् भोकभोकै
रोक्दिनँ म मेरो काम ।

आरनमा तताएर काँचो फलाम
म घनले पिटिरहेछु पिटिरहेछु
मानौँ सँगसँगै
हिर्काइरहेछु तिनीहरूको टाउकामा ।
(पृ. ३५)

यतिबेलाका दलितहरू उहिलेका जस्तो जति दलनमा पारे पनि बिनाप्रतिक्रिया सहेर बसिरहने सोच र स्वभावका छैनन् । समयको परिवर्तनले उनीहरूमा पनि परिवर्तन ल्याइसकेको छ । आफूमाथि भइरहेको दलनलाई अब उनीहरू बुझ्न सक्ने भइसकेका छन् । माथिको कवितांशमा कथित उच्च जातिका मानिसका घरमा पस्न नदिने चलनलाई म पात्रले कालो कानुनको संज्ञा दिनुले कवितामा उक्त

कानुनप्रति उसको अस्वीकृति प्रस्ट रूपमा झल्केको देखिएको छ । यहाँ दलितहरूलाई भोकभोकै पारिएको कुरा पनि म पात्रले उठाएको छ । विगतमा दलितहरूलाई धनोपार्जन र यसको सङ्ग्रह गर्न निषेध गरिएको थियो । न्यूनतम आजीविकाका लागि बालीघरे प्रथा चलाइएको थियो । कथित उच्च जातका मानिसहरूले वर्ष वर्षमा र विभिन्न चाडपर्वमा दिने न्यूनतम भागबाट उनीहरूले गुजारा चलाउनुपर्थ्यो । यस्तो परिपाटीले उनीहरूलाई भोकै पार्थ्यो तापनि  दलितहरूले समाजप्रतिको आफ्नो पेसागत दायित्वलाई निरन्तरता दिइराखे भन्दै दलितहरूको श्रमको मूल्यमा भएको ठगीको घुमाउरो ढङ्गले विरोध गरिएको छ ।

कविताको शीर्षकका रूपमा आएको 'धार' कुनै हतियार विशेषको सामान्य धार होइन । यो त समाजमा विद्यमान जातीय उचनीचको सामाजिक विभेदलाई समूल नष्ट गर्ने धार हो । कवितामा म पात्रले मानिसका विवेकहरू र पाइलाहरू एक दिन धारिला बन्ने विश्वास व्यक्त गरेको छ । माटाका कण कण धारिला भएका दिन र सडकमा धारिला मानिसहरू चम्केका दिन पहाडसमेत धारसँग झुक्ने छ भन्ने कुरामा म पात्र विश्वस्त छ । त्यसैले जतिसुकै सामाजिक उत्पीडन खप्नुपरे पनि  हतियार बनाउने र त्यसमा धार लगाउने कामबाट कहिल्यै पछि नहट्ने प्रतिरोधी चेतनायुक्त अठोट म पात्रका माध्यमबाट व्यक्त गरिएको  छ ।

'हजुरको बुट' कविताले पनि सामाजिक उत्पीडनविरुद्ध प्रतिरोधी आवाज प्रस्तुत गरेको छ । प्रकाश गुरागाइँद्वारा रचना गरिएको यस सार्की जातिका मानिसले कथित उच्च जातिका मानिसबाट भोगिरहेको दलनलाई विषय बनाइएको छ र त्यस्तो दलनबाट आजित दलित पात्र सार्कीले व्यक्त गरेको सामाजिक उत्पीडनविरुद्धको प्रतिरोधलाई  कवितामा प्रस्तुत गरिएको छ ।

समाजको संरचनालाई नियाल्दा यो कसैको पनि निजी हुन सक्ने देखिँदैन । तथापि समाजका प्रभुत्वशाली वर्गले समाजलाई निजी झैँ ठानी आफ्नो अनुकूलका अनेक सामाजिक कानुन लागु गरेको हुन्छ । त्यस्ता सामाजिक कानुनबाट समाजका अरू मानिसले दमनअपमान भोग्नुपरिरहेको हुन्छ तर सारमा मानिस कोही पनि अपमानित जिन्दगी बिताउन चाहँदैन । जोकोही किन नहोस् मानिस सम्मानको अपेक्षा गर्छ । सबै मानिसमा यस्तो अपेक्षा भइरहँदा हाम्रो समाजका दलितहरू भने अनाहकमा निरन्तर अपमान भोग्न बाध्य छन् । 'हजुरको बुट' कविताको आरम्भमै दलितहरूले भोगिरहेको अपमानबारे यसो भनिएको छ :

हजुरको बुट सुम्सुम्याइरहँदा
म सोचिरहन्छु
किन मान्छे कसैको जुत्ताजति पनि सम्मानित हुन सक्दैन ?
(पृ. ४३)

जुत्ता मानिसले जमिनमा टेक्नलाई लगाउँछ । जुत्ताले टेक्ने भुइँ कुनै न कुनै रूपमा धुलो आदि फोहोरले ढाकिएको हुन्छ । जुत्तालाई मरमत गर्नुपर्दा वा टल्काउनुपर्दा कुनै पनि जुत्ताधारकले सफा पारेर चर्मकारकहाँ ल्याउँदैन । आखिर आफूलाई स्वघोषित उच्च ठान्ने मानिसले ल्याएको फोहोर त्यही दलित चर्मकारले सफा गरिदिन्छ र जुत्ता चम्काइदिन्छ तर यस्तो गुन लगाउने मानिसलाई भने उच्च भनाउँदा मानिसहरू किन तुच्छ ठान्छन् भनी प्रश्नात्मक प्रतिरोधी आवाज कवितामा प्रकट गरिएको छ । समाजका कथित उच्च जातिका मानिसबाट चर्मकार दलितले भोगिरहेको सामाजिक उत्पीडनलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

जुत्ता खोलेपछि
अलि पर तर्केर बस्नुहुन्छ
ताकि नछोइयोस् हजुरलाई
यी जुत्ता छोएका हातले
नलागोस् पालिसको रङ
हजुरको सफेद पोशाकमा
नआओस् पसिनाको गन्ध
हजुरले चपाएको पानमा मिसिएर
र देख्नु नपरोस्
आफ्नै जुत्ताले कति धेरै फोहोर टेकेर जोगाउँछ हजुरलाई ।
(पृ. ४४)

राज्यले छुवाछुतविरुद्धको कानुन बनाई लागु गरेको सदियौं भइसकेको छ । यता समाजमा चलनका रूपमा यस छुवाछुतले जरा गाडिरहेको छ । प्रस्तुत कवितांशमा दलितसँग काम लिने तर उनीहरूप्रति अछुतको व्यवहार गर्ने सामाजिक बेथितिको विरोध गरिएको छ । कविताको ‘हजुर’ पात्र जुत्ता पालिस गराउने क्रममा छोइन्छ कि भनी ‘म’ पात्रबाट अलग्गै बसेको छ । ऊ जुत्ताबाट अलग बसेको होइन । फोहोरबाट पनि अलग बसेको होइन किनकि जुत्ता र फोहोर ‘हजुर’ पात्रकै हुन् । ऊ अलग बस्न खोजेको ‘म’ पात्रसँग हो किनकि ‘हजुर’ पात्रका नजरमा ‘म’ पात्र दलित हो । दलितहरू यसरी अस्पृश्यताका नाममा समाजमा कस्तोसम्म उत्पीडन भोगिरहेका छन् भन्ने कुरा माथिको कवितांशमा सङ्केत गरिएको छ ।

मानिसको जैविक स्वरूपलाई नियाल्ने हो भने कोही उच्च र कोही निच हुनुपर्ने कुनै कारण छैन । मानव सभ्यताको विकासका क्रममा शक्तिशाली वर्गले आफू रहेको समाजका अरू मानिसलाई कमजोर पारेर शक्तिमा आफू टिकिरहनका लागि अनेक प्रचलनहरू चलाए । त्यसैको एउटा उदाहरण छुवाछुत पनि हो । यही छुवाछुतको भावनाले दलितहरूलाई कथित उच्च जातिका मानिसका घरमा प्रवेश निषेध गरियो । कवितामा यस विषयलाई यसरी प्रस्तुत गरिएको छ :

हजुर जस्तै भाग्यमानी छन् यी जुत्ता
घर पुग्नेवित्तिकै हजुरसँगै भित्रै जान्छन्
मै'सापले आफ्नै हातले जतनसाथ खोलिदिनुहुन्छ
र मिलाएर राखिदिनुहुन्छ ऱ्याकमाथि
जहाँ पालिस दल्ने मान्छे कहिल्यै जान सकेन ।
माफ गर्नुहोला हजुर
धेरै वर्षपछि आज मलाई
यो कालो पालिस
हजुरकै अनुहारमा पोत्न मन लागेको छ ।

(पृ. ४४-४५)

जुत्ता र मान्छेको तुलना शोभनीय हुँदैन तथापि 'हजुरको बुट' कविताको 'म' पात्रले 'हजुर' पात्रको जुत्तासँग आफ्नो तुलना गरेको छ । तुलनाका क्रममा उसले जुत्तालाई निकै भाग्यमानी पाएको छ । उसले आफूभन्दा जुत्तालाई भाग्यमानी पाउनुको पहिलो कारण 'हजुर' पात्रसँगै जुत्ताले पनि घरमा निर्बाध प्रवेश पाउँछ । दोस्रो कारण त्यस जुत्तालाई 'हजुर' पात्रकी मै'सापले जतनसाथ खोलिदिन्छिन् र मिलाएर ऱ्याकमा राखिदिन्छिन् । यहाँ जुत्ता 'म' पात्रभन्दा यस मानेमा भाग्यमानी ठानियो कि जुत्ताले मै'सापको स्नेहपूर्ण स्पर्श पनि पायो तर के 'म' पात्रले ऊ बाँचेको समाजमा कथित उच्च वर्गबाट कहिल्यै यस्तो स्नेह र सम्मान पायो त ? अहँ कहिल्यै पाएन । त्यसैले ऊ जुत्ता जति पनि भाग्यमानी ठहरिएन । यसो भन्नुको आशय नेपाली समाजका कथित उच्च वर्गका मानिसहरूले निम्न जाति कहलिएका मानिसहरूलाई जुत्ताभन्दा पनि निच ठान्ने गरेका छन् र उनीहरूको चरम अवमूल्यन गर्ने गरेका छन् भन्ने हो । यस्तो बेथितिका सर्जक, पालक र संरक्षक अरू कोही नभएर कवितामा आएको 'हजुर' वर्ग नै हो । यो गुप्त रहस्यको बोध कविताको दलित पात्र 'म'लाई भइसकेको छ । अब ऊ यस्तो दलनविरुद्ध सचेत मात्र होइन जागरुक पनि भइसकेको छ । त्यसैले ऊ जुत्तामा दल्ने कालो पालिस 'हजुर' सर्वनामले सम्बोधित दलक वर्गको अनुहारमा दल्ने तयारीमा छ । यसरी दलक वर्गको अनुहारमा कालो पोत्न तयार हुनुले उक्त कवितामा दलितका तर्फबाट सामाजिक उत्पीडनविरुद्धको प्रतिरोध प्रखर रूपमा प्रकट भएको प्रस्ट हुन्छ ।

आफरमा सङ्गृहीत 'आरन र डम्फू' सामाजिक उत्पीडनविरुद्ध प्रतिरोधी चेतनाले सशक्त अर्को एक कविता हो । यसका रचनाकार कवि राजु स्याङ्तान हुन् । यस कवितामा कविले समाजका उत्पीडित दलितहरूप्रति सहानुभूति व्यक्त गरेका छन् । साथसाथै दलित उत्पीडनका विरुद्ध आवाज पनि दिएका छन् ।

प्रस्तुत कवितामा दलितहरूलाई 'तिमी' शब्दले सम्बोधन गरिएको छ । 'म' पात्रका रूपमा भने कवि स्वयम् उपस्थित छन् । कवितामा कामी, दमाई र मुसहर जातिका दलितहरूको समाजप्रतिको त्याग र उनीहरूको स्वभावबारे चर्चा गर्दै उनीहरूलाई दलनविरुद्ध जागरुक हुन उत्प्रेरणा दिइएको छ ।

कविताभर दलितहरू मौन छन् तर कवि भने एकोहोरो उत्प्रेरक भई प्रस्तुत भएका छन् । कविताको आरम्भमा कविले कामी पात्रलाई आगाको सन्तान भनेका छन् र कामी समुदायका मानिसहरू आगासँग खेल्दाखेल्दै रापिलो कोइला जस्तै भइसकेको बताएका छन् । अझै आगो डराएको आफूले नसुनेको विचार पनि कविले प्रकट गरेका छन् । कविले यसरी कविताको सम्बोधित पात्र 'तिमी' अर्थात् कामी पात्रलाई उसको शक्ति र स्वभावका बारेमा बताउँदै उत्प्रेरित गरेका छन् ।

प्रस्तुत कवितामा कविले दलित समुदायको अर्को पात्र दमाईलाई लिएका छन् । उसलाई पनि कविले 'तिमी' भनेरै सम्बोधन गरेका छन् । कविले सम्बोधितलाई आफ्नो जिन्दगी सियोको टुप्पामा उनेर अमानवीयताको धारसँग खेल्दाखेल्दै सियोभन्दा तिखो सङ्गिन भएको बताएका छन् । सङ्गिन लत्रेको आजसम्म नदेखेको भन्दै कविले सम्बोधितलाई समाजमा सङ्गिन झैँ जुझारु बन्न उत्साह दिएका छन् । कवितामा कविले मुसहर पात्रलाई पनि लिएका छन् । प्रस्ट रूपमा मुसहर भनेर उल्लेख नगरिए पनि तराईमा मुसहर जातिका मानिस हली र माटो काटी गरा सम्याउने श्रमिक भई खट्ने गरेका छन् । कवितामा यस्तै कामको उल्लेख गरिएकाले सम्बोधित पात्र मुसहर रहेको स्पष्ट हुन्छ । मुसहरहरू पनि समाजमा दलित समुदायकै मानिएका छन् । उनीहरू पनि समाजका कथित उच्च वर्गबाट छुवाछुतजन्य उत्पीडन भोगिरहेका छन् । कविले सम्बोधितलाई जमिनदारका गरा सम्याउन माटासँग खेल्दाखेल्दै माटाजस्तै भइसकेको एक पहाड मानेका छन् । पहाड कहिल्यै नझुक्ने हुनाले समाजसामु दलितहरूले पनि झुक्न नहुने आशय व्यक्त गरेका छन् । दलितहरूले पनि समाजमा स्वाभिमानको शिर उच्च पारी बाँच्न पाउनुपर्ने भए पनि मनुस्मृतिका पानाहरूले उनीहरूलाई थिचिरहेको कविले खुलासा गरेका छन् । मनुस्मृति मनु ऋषिका विचारहरू समेटिएको ग्रन्थ हो । सामाजिक थिति बाँध्ने उद्देश्यले तयार पारिएको उक्त ग्रन्थमा शास्त्रीय विधान खडा गरी शूद्र अर्थात् दलितहरूमाथि निर्मम प्रहार गरिएकाले अब दलितहरूले मानिस भएर बाँच्न पाउने अधिकारको रक्षाका लागि विभेदकारी मनुस्मृतिका पानाहरू च्यात्नुपर्छ भन्दै कविले सम्बोधित पात्रमा प्रतिरोधी चेतना पैदा गर्ने प्रयास गरेका छन् ।

एउटै समाजमा बसेपछि उत्पीडितहरूबिच एकता र सहकार्य हुनुपर्छ । त्यसो भयो भने कुनै उत्पीडितले एक्लो महसुस गर्नुपर्दैन र जस्तोसुकै उत्पीडनविरुद्ध डटेर सङ्घर्ष गर्न सकिन्छ । कविताको 'म' पात्र सम्बोधितलाई यसरी ढाडस दिँदै छ :

> यो मानिस बन्ने लडाइँमा
> तिमी एक्लै छैनौ साथी
> बिलकुल तिमी एक्लै छैनौ ।

इतिहासमा मासिन नसकेको
एउटा राष्ट्र
जसलाई विभेद गराउन सिकायो तिमीमाथि
र अन्जानमै गरायो छोइछिटो
म उही राष्ट्रको एक अनागरिक
अब डम्फूभित्र बारुद बोकेर ल्याउँछु
तिमी आगो बनेर सल्किदिनू ।
(पृ. ८०)

प्रस्तुत कवितांशमा 'म' पात्र दलितहरूमाथि भइरहेको सामाजिक उत्पीडनको प्रतिरोधका लागि साथ दिन तयार भएको छ । उसले आफू पनि राज्यबाट अनागरिक बनाइएको अनुभव गरेको छ । राज्यले आफूलाई पनि विभेद गर्न सिकाएको र आफूले विगतमा दलितहरूप्रति अनजानमा त्यसो गरेको खुलाउँदै त्यस्तो छुवाछुतजन्य सामाजिक विभेदविरुद्ध लडाइँ गर्नुपर्ने आवश्यकता 'म' पात्रले औँल्याएको छ । त्यस्तो लडाइँका लागि आफू पनि त्याग गर्न तत्पर रहेकाले दलितहरू एक्लो नभएको भनी 'म' पात्रले साहस प्रदान गरेको छ । लडाइँका लागि 'म' पात्र डम्फुभित्र बारुद बोकेर आउने र सम्बोधित 'तिमी' पात्रलाई आगो भएर सल्किदिन आग्रह गरेकाले कवि जैविक बुद्धिजीवीका रूपमा उपस्थित भएका छन् र दलितका आवाज बोलिदिएर दलनविरुद्धको प्रतिरोधमा साथ दिएका छन् ।

आफर सङ्ग्रहमा सङ्कलित 'कैँची' दलित उत्पीडनविरुद्ध प्रतिरोधी आवाज मुखरित भएको अर्को कविता हो । प्रस्तुत कविता कवि हरिशरण परियारले रचना गरेका हुन् । कैँची दमाई जातिका मानिसहरूको एक पेसासम्बद्ध औजार हो । दमाई जातिका मानिसहरूले सदियौँदेखि कपडा सिउने पेसा अवलम्बन गर्दै आएका छन् । छुवाछुतजन्य विभेदमा पारिएका दमाईहरू समाजमा दलित कहलिएका छन् । सामाजिक उत्पीडनको प्रहारले किनारामा पुऱ्याइएका यस जातिका मानिसमा बिस्तारै उत्पीडनविरोधी चेतना जागृत हुँदै गएको कवितामा खुलासा गरिएको छ ।

'कैँची' कवितामा कुनै पनि आकारलाई एउटा सिर्जना मानिएको छ । आकार निर्माणमा कैँचीको भूमिका महत्त्वपूर्ण हुन्छ । तसर्थ कैँची एउटा सिर्जनाका लागि प्रयोग गरिने हतियार हो । यसले कहिले दायाँ, कहिले बायाँ, कहिले माथि अनि कहिले अर्धगोलाकार रूपमा दौडेर मूर्त आकार निर्माण गर्छ । यसले निर्माण गर्ने मूर्त आकार भनेको वस्त्रको हो । जुन वस्त्रधारणले आजको सभ्य मानिएका मानिसको लाज ढाकिएको हुन्छ । कवितामा कैँचीले कपडाका थानमा दौडेर ढाकाटोपी, कुर्तापाइजामा आदि पोसाकका साथै राष्ट्रिय झन्डाको आकारसमेत निर्माण गर्न सक्छ भनिएको छ । यस्तो हतियार कैँची चलाउने शिल्पी दमाईहरूको पेसा महान् हुनुपर्ने हो किनकि मानव सभ्यतालाई जीवन्त

तुल्याउनमा दमाईहरूको भूमिका महत्त्वपूर्ण छ तर उनीहरूको मान र महत्त्व मानव समाजले कहिल्यै बुझ्न सकेन । उल्टै उत्पीडनमा पारिरह्यो भन्ने कविको आशय हो ।

कैँची आफ्नो धारसँग अनभिज्ञ हुन्छ । यो औँलाद्वारा निर्देशित हुन्छ, परिचालित हुन्छ । कविका अनुसार दमाईहरू पनि कैँचीको धार झैँ शक्तिशाली भएर पनि आफ्नो शक्तिसँग अनभिज्ञ रहे । उनीहरू समाजका प्रभुत्वशाली वर्गबाट निर्देशित भइरहे, परिचालित भइरहे । यसको परिणामले उनीहरूमा उत्पीडन ल्यायो । उनीहरूका कर्मका सिमाना कोरिए । उनीहरूले समाजका कथित उच्च वर्गको निर्देशनमा दमाईलाई तोकिएको कामबाहेक अरू काम गर्न पाएनन् । दमाईमाथि भएको यो अमानवीय दलन र घेराबन्दीविरुद्ध कविले भनेका छन् :

आज थाहा छ मलाई,
अरू जस्तै अमानवीय बन्यो भने कैँची
काटिन सक्छ लाजको वस्त्र
(पृ. ९२)

दलितहरूले इतिहासको लामो कालखण्डदेखि घोर अमानवीय उत्पीडन भोग्दै आए । उनीहरूलाई समाजका अन्य मानिसले भोगिरहेका अधिकारबाट वञ्चित गरियो । विगतका दलितहरूले यो दुर्व्यवहार लाई बाध्यवश सहे । अब  यस्तो दलन जारी रहे दलितहरू आफ्नो अस्तित्वरक्षार्थ प्रतिरोधका लागि तयार रहेको आशय माथिको कवितांशमा व्यक्त गरिएको छ । अरू अर्थात् कथित उच्च वर्ग त दलितप्रति सदियौँदेखि अमानवीय बन्दै आयो । यदि कैँची पनि त्यसरी नै अमानवीय बन्यो भने समाजका दलकहरूका लाजका वस्त्र काटिन सक्ने चेतावनीपूर्ण प्रतिरोधी आवाज माथिको कवितांशमा प्रस्तुत गरिएको छ ।

**आर्थिक उत्पीडनविरुद्ध दलित प्रतिरोध**

सभ्यताको विकाससँगै मानिसले अर्थ वा धन सञ्चयमा ध्यान पुऱ्याउन थाल्यो । यतिबेलासम्म आइपुग्दा यो मानिसको जीवन बाँच्ने मुख्य आधार बन्यो र यसले सम्पन्न मानिस समाजको शक्तिशालीसमेत बन्ने भयो । धनहीन मानिस भने कमजोर बन्ने भयो । यस्तो वस्तु धनको उपार्जन गर्न र सञ्चय गर्न दलितलाई निषेध गरियो । यसबाट सदियौँदेखि उनीहरू आर्थिक उत्पीडनमा परे । आफर कविता सङ्ग्रहमा सङ्कलित 'सास्तीको सर्ग' कविताले दलितमाथि थोपरिएको यस आर्थिक उत्पीडनलाई विषय बनाएको छ । यसको रचना कवि माधव घिमिरे 'अटल'ले गरेका हुन् । यस कवितामा कामी समुदायका दलितको व्यथावेदनालाई व्यक्त गर्दै दलितमाथि भएको उत्पीडनविरुद्धको प्रतिरोध पनि प्रकट गरिएको छ ।

कवितामा 'जसे' नाम गरेको पात्र छ । ऊ आफ्नो आरनमा नियमित काममा तल्लीन छ । आरनमा हुरहुराइरहेको अग्निज्वालाले एकाएक जसेको जोसमा पाइन भरेको भान हुन्छ । यो पाइन भनेको हतियारमा भरिने शक्ति हो । हतियारमा यसलाई आगाले होइन कि पानीले भरिन्छ । पाइन भरेपछि फलाममा नरमपना हटेर कडापन सिर्जना हुन्छ । कवितामा हतियारमा नभई मान्छेमा पाइन भरिएको कुरा छ । यो पाइन हुरहुराउँदो अग्निज्वालाले जसेमा अचानक भरेको कुरा छ । यसको आशय आगाका संसर्गले जसेमा अचानक जोस उत्पन्न भयो भन्नु हो । जसेमा उत्पन्न भएको जोस भनेको दलनविरुद्धको जोस हो । जसेहरू निरन्तर उत्पीडनमा छन् । यस्तो उत्पीडनले उनीहरू आहत छन् । अतः त्यस्तो उत्पीडनबाट मुक्त हुन जसेहरूलाई पाइनको आवश्यकता छ । कवितामा जसेहरूको उत्पीडनलाई उसका बराजु बार बार बरबराएको घटनाको स्मरण गर्दै यसरी प्रस्तुत गरिएको छ :

बरबराउँथे बराजु बारबार-
किन भइयो भीरको भकुन्डो ?
न एक चिम्टी मुस्कान ओठमा
न एउटा लैनो गाई गोठमा
न एक धरो वस्त्र आङमा
न एक त्यान्द्रो पराल मचानमा ।

(पृ. ५९)

जसेहरूसँग आपत्मा काम चलाउने सञ्चित धन केही पनि छैन । न त उनीहरूकहाँ गोठमा एउटा लैनो गाई छ, न त मचानमा एक त्यान्द्रो पराल नै । न त उनीहरूले एक धरो वस्त्र नै आङमा राम्ररी लगाउन पाएका छन् । यस्तो अभावै अभावमा जिन्दगी बिताउनुपर्दा उनीहरूका ओठमा एक चिम्टी मुस्कान पनि छैन । उनीहरूका लागि यो सर्ग अर्थात् सृष्टि सास्तीको छ । यही सृष्टि अरूलाई भने मस्तीको लागिरहेको हुँदो हो । दलितहरूलाई यस्तो अवस्थामा पुऱ्याउने मुख्य कारक भनेको समाजमा विद्यमान कुरीति नै हो । दलितहरूले अर्थोपार्जनका काम गर्न नपाएका कारण र धन सञ्चयका काम गर्न नपाएका कारण उनीहरू विपन्न भए । उनीहरू कथित उच्च जातिका मानिसले वर्ष वर्षमा दिने बालीमा मात्र निर्भर हुनुपर्ने सामाजिक व्यवस्थाका कारण उनीहरूले जहिल्यै अभावमा पिल्सिनुपऱ्यो । दलितहरूले आर्थिक विपन्नताबाट माथि उठ्न अन्य पेसा गर्न सक्थे तर उनीहरूलाई पेसा परिवर्तन गर्न प्रभुत्वशाली वर्गले निषेध गरेको थियो । दलितहरू यसरी अभावग्रस्त बन्नुको कारण उनीहरू आफू होइनन् भन्ने आशय कवितामा व्यक्त गरिएको छ । यसका माध्यमबाट कवितामा दलितहरूलाई आर्थिक रूपले किनारामा पुऱ्याउने रीतिको प्रतिरोध गरिएको छ ।

**राजनीतिक उत्पीडनविरुद्ध दलित प्रतिरोध**

यो संसारमा जन्म लिएका हरेक मानिसको उचित स्थान र मान हुनुपर्छ । यदि कसैले कसैलाई उसको स्थानबाट विस्थापित गर्न खोज्छ र मान मेट्न खोज्छ भने प्रतिरक्षाको प्राकृतिक अधिकार सबैलाई हुन्छ । मानिसले आफूमाथि भएका शोषण, दमन, उत्पीडन, अधिकारहरूबाट वञ्चितीकरण आदिका विरुद्ध सङ्घर्ष गर्छ । यस्ता गतिविधि गर्ने मञ्च वा माध्यम राजनीति बनेको छ । यही राजनीतिका कारण समाजले परिवर्तन हासिल गर्न सकेको पनि छ । यस्तो परिवर्तनका लागि मानिसहरूले ज्यानसमेत गुमाएका पनि छन् । कतिपय यस्ता परिवर्तनका लागि जनताको सहयोग लिएर पछि नेतृत्ववर्ग बेखबर बनेका र जनताका समस्या भने ज्यूँका त्युँ रहेको अवस्था पनि छ । दलित समस्याका सन्दर्भमा यस्तै भएको छ । समाज परिवर्तनका कैयौँ आन्दोलनमा दलितहरू प्रयोग गरिए तर परिवर्तित राजनीतिले दलितका समस्यालाई सम्बोधन गर्न नसकेको यथार्थलाई 'आगोको बर्षा' कविताले प्रस्ट्याउन खोजेको छ । 'आगोको बर्षा' कवि मुक्तान थेबाद्वारा रचना गरिएको कविता हो । यस कवितामा विगतका परिवर्तनका लागि भएका आन्दोलनहरूमा दलितहरूको पनि जागरुक सहभागिता भएको तर ती परिवर्तनहरू जनअपेक्षा पूरा गर्न असमर्थ रहेको कुरा कवितामा यसरी व्यक्त गरिएको छ :

यो थिचोमिचो, शोषण, दलन
अभाव, छुवाछुत र भोक
यही भुङ्ग्रोमा गालेर
उभ्याउनु छ मलाई पनि
उन्मुक्तिको सगरमाथा ।

(पृ. ६८)

प्रस्तुत साक्ष्यमा ख्याकुलेको चेतना दलनविरुद्ध जागृत भइसकेको छ । आफूमाथि भइरहेको थिचोमिचो, शोषण र दलनलाई अनि अभाव, छुवाछुत र भोकलाई उसको आरानकै भुङ्ग्रामा गालेर उसलाई उन्मुक्तिको सगरमाथा उभ्याउन मन लागेको छ । ख्याकुलेको यो अभिव्यक्तिलाई नियाल्दा ऊ निरन्तरको दलनबाट आजित छ र आक्रोशित पनि छ । त्यसैले उसको चेतना दलनविरुद्ध उभिइसकेको छ । अरू मानिसको झैँ उसको पनि स्वाभिमान छ र ऊ पनि उन्मुक्तिका साथ बाँच्न चाहन्छ । उन्मुक्तिको चाहना भए पनि ऊ उपायहीन थियो । संयोगवश राजनीतिकर्मी नेता पुष्पे ख्याकुलेकै मनका कुरा भन्न आउँदा ऊ उत्साही भयो । ख्याकुलेले मुक्तिसङ्घर्षका लागि कान्छो छोरो सुम्पँदै भनेको छ :

ऊ...मेरो कान्छालाई लैजा
तर याद राख पुष्पे

हारेर आइस् भने
यो घन
बज्रिने छ तेरो टाउकामा ।

(पृ. ६९)

प्रस्तुत कवितांशमा समाजमा विद्यमान बेथितिविरुद्ध सङ्घर्ष गर्न ख्याकुलेले आफ्नो कान्छो छोरो नै सुम्पेको छ । उसले सङ्घर्षका लागि छोरो सुम्पेको मात्र छैन कि उक्त नेतालाई हारेर नआउन पनि सचेत गराएको छ । सँगसँगै यदि हारेर आएमा आफ्नो फलाम पिट्ने घन पुष्पेका टाउकामा बजार्ने घोषणासमेत गरेको छ । ख्याकुलेको यो अभिव्यक्ति र उत्पीडनविरुद्धको सङ्घर्षका लागि कान्छो छोरो सुम्पेको घटनालाई दृष्टिगत गर्दा उसमा राजनीतिक उत्पीडनविरुद्ध प्रतिरोधी चेतना प्रखर रूपमा जागृत भएको देखिन्छ ।

## निष्कर्ष

आफर दलितमाथि भएका उत्पीडनका विरुद्धको प्रतिरोधी चेतनालाई केन्द्रमा राखेर रचना गरिएका कविताहरूको सङ्ग्रह हो ।  छुवाछुतलगायत अनेक उत्पीडनका सिकार बनेका दलितहरूमा बिस्तारै जातीय चेतना जागृत हुँदै गयो । उनीहरूले अस्तित्व रक्षाका लागि प्रकट गर्न थालेको प्रतिरोधी आवाजको प्रभाव नेपाली कवितामा पनि पऱ्यो र आफर कवितासङ्ग्रहका कवितामा पनि यही दलित उत्पीडनविरुद्ध सशक्त प्रतिरोध प्रकट गरिएको छ ।

प्रस्तुत अध्ययनका लागि सोद्देश्य छनोट गरिएका कविताका दलित पात्रहरू कोही स्वयम् वाचाल छन् । कोही भने मौन देखिन्छन् । तिनका लागि कविले जैविक बुद्धिजीवीका रूपमा सहानुभूतिका आवाज प्रकट गरेका छन् । अध्ययनका लागि लिइएका कविताहरूमध्ये 'शूद्र शम्बुक' कवितामा मिथकीय सन्दर्भका माध्यमले वर्णवाद तथा शैक्षिक उत्पीडनविरुद्ध बलशाली प्रतिरोधी आवाज प्रकट गरिएको छ । 'द्यौला' कवितामा नेवार समुदायमा विद्यमान जातीय उत्पीडनको सिकार बनेका पोडे जातिले भोगेको सांस्कृतिक उत्पीडनविरुद्ध वाचाल प्रतिरोध प्रकट गरिएको छ । 'धार', 'हजुरको बुट' कैँची कवितामा नेपाली समाजका फलामका शिल्पी कामी, सार्की दमाई जातिका मानिसमाथि भएका आर्थिकसामाजिक उत्पीडनविरुद्ध प्रतिरोधी आवाज सशक्त पारिएको छ । 'सास्तीको सर्ग' कवितामा दलितहरूमाथि भएको आर्थिक उत्पीडनविरुद्ध वाचाल प्रतिरोध प्रकट गरिएको छ । 'आरान र डम्फू' कवितामा दलित पात्र मौन छ तर कविले जैविक बुद्धिजीवीका रूपमा उपस्थित भई दलितमाथिको सामाजिक उत्पीडनविरुद्ध सहानुभूतिपूर्वक प्रतिरोधी आवाज प्रस्तुत गरेका छन् । 'आगोको वर्षा' कवितामा दलित समस्यालाई सत्तारोहणको भऱ्याङ मात्र बनाइएको विषयप्रति आक्रोश व्यक्त गर्दै त्यस्तो राजनीतिक उत्पीडनविरुद्ध

आगोको वर्षा गराउने प्रतिरोधी आवाज प्रकट गरिएको छ । यस सङ्ग्रहमा दलित र गैरदलित दुई थरी कविका कविताहरू सङ्गृहीत छन् । यस दृष्टिले कवितामा व्यक्त विचारहरू द्रष्टा र भोक्ता गरी दुई रूपमा प्रस्तुत भएका छन् । गैरदलित कविका कवितामा द्रष्टा विचार प्रस्तुत भएका छन् । यसै गरी दलितहरू दलनका स्वयम् भोक्ता भएकाले दलित कविका कवितामा भोक्ता विचार प्रस्तुत भएका छन् । समग्रमा यस सङ्ग्रहका कविताहरू दलित प्रतिरोधी चेतनाका दृष्टिले सशक्त रहेका छन् ।

## सन्दर्भ सामग्रीसूची


चमनलाल (सन् २००९). *दलित साहित्य एक मूल्यांकन.* राजपाल एण्ड सन्स ।

फुको, मिचेल(सन् १९८०). *पावर/नलेज सेलेक्टेड इन्टरभ्युज एन्ड अदर राइटिङ.* कोलिन गोर्डन. सम्पा. प्यान्थन बुक्स ।

बिनाबी, केवल, गुरागाईं, प्रकाश र घिमिरे, माधव (२०७३). *सम्पा. आफर.* समता फाउण्डेशन ।

महर्जन, राजेन्द्र र किसान, यामबहादुर (२०७०). *दलनविरुद्ध प्रतिरोध.* समता फाउण्डेशन ।

वाल्मीकि(२०७९). *श्रीमद्वाल्मीकीय रामायण.* गीताप्रेस ।

वाल्मीकि, ओमप्रकाश (२००९). *दलित साहित्यका सौन्दर्यशात्र.* राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड ।

शुक्लयजुर्वेद (१९४४). क्षेमराज-श्रीकृष्णदास श्रीवेङ्कटेश्वर मुद्रणालय ।